# झापा जिल्लाका कक्षा दुईका शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन


**शोधार्थी**

झुमा आचार्य

त्रि.वि. दर्ता नं. ९-२-२०४-३९-२००५

परीक्षा क्रमाङ्क : २०४०१७७

क्याम्पस रोल नं. : १००


त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय कनकाई बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षा विभाग अन्तरगत एम.एड. दोस्रो वर्षको

नेपाली शिक्षा (५९८) पाठ्यांशको

प्रयोजनका लागि प्रस्तुत

**शोधपत्र**


कनकाई बहुमुखी क्याम्पस

सुरुङ्गा, झापा

२०६९

# सिफारिस पत्र

नेपाली भाषा शिक्षा विभाग अन्तगत स्नतकोत्तर तह दोस्रो वर्षको नेपाली भाषा शिक्षा विषयको पाठ्यांश नेपा.शि. ५९८ प्रयोजनार्थ प्रस्तुत "झापा जिल्लाका कक्षा २ का शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन" नामक शोध शीर्षकको शोधपत्र शोधार्थी छात्रा झुमा आचार्यले मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यसंग म पूर्णरुपमा सन्तुष्ट छु । यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

तेज प्रसाद खनाल

**शोधनिर्देशक**

सहायक प्राध्यापक नेपाली भाषा शिक्षा विभाग

कनकाई बहुमुखी क्याम्पस,

सुरुङ्गा, झापा

श्री
(त्रिभुवन विश्व विद्यालयबाट सम्बन्धन प्राप्त)
कनकाई बहुमुखी क्याम्पस
सुरुङ्गा, झापा
नेपाल
Email : kanakai.campus47@gmail.com
☎ ०२३-५५०१५३
०२३-५५०८५३
Fax - ०२३-५५०८५३

च.नं.
प.सं. ०६८/०७०

मिति : ....................

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यांश नेपा.शि. ५९८ को प्रयोजनार्थ शोधार्थी भुमा आचार्यद्वारा तयार पारिएको **झापा जिल्लाका कक्षा दुईका शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर उपाधिका निमित्त उपयुक्त ठहरिएकोले आवश्यक मूल्याङ्कन गरी स्वीकृति प्रदान गरिएको छ ।

मूल्याङ्कन समिति

| | हस्ताक्षर |
|---|---|
| १. विभागीय प्रमुख सह-प्राध्यापक कोमलप्रसाद पोखरेल | ............ |
| २. शोध निर्देशक सहायक प्राध्यापक तेजप्रसाद खनाल | ............ |
| ३. बाह्य परीक्षक प्रा.डा. सुष्मा आचार्य | ............ |

मिति : १२ अक्टोबर, २०१२

# कृतज्ञता ज्ञापन

प्रस्तुत अध्ययनबाट कक्षा २ का शिक्षक-विद्यार्थी अन्तरक्रियाको अध्ययन क्षमता पहिल्याउने लघुतम कार्य सम्पन्न भएको महसुस गरिएको छ । यस क्षेत्रमा हुन सक्ने अध्ययनका लागि सहयोगी हुने आशा पनि गरिएको छ ।

प्रस्तुत शोधपत्र तयारीका सन्दर्भमा सर्वप्रथम शोधकार्यलाई आधिकारिक रुपमा अगाडि बढाउन शोध प्रस्तावलाई विभागीय स्वीकृति प्रदान गर्दै अनुसन्धान अध्ययनमा प्रेरित गर्नुहुने विभागीय प्रमुख आदरणीय गुरु प्रा. कोमल प्र. पोखेल प्रति आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र लेखनका क्रममा आफ्नो अमूल्य समय खर्चेर निरन्तर रुपमा आवश्यक सुझाव, सहयोग र कुशल निर्देशन दिनुहुने शोध निर्देशक प्रा. तेजप्रसाद खनाल ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शीर्षक चयन, शोध प्रस्ताव लेखन, सामाग्री निर्माण तथा शोध रुपरेखा निर्धारणमा प्रेरणा दायक पथ प्रदर्शन गर्नुहुने आदरणीय गुरुवर प्रा. सेरबहादुर बानियाँ, प्रा. विष्णु प्रसाद कोइराला, जीवनाथ सुवेदी तथा लक्ष्मण सुवेदीप्रति कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै गरी शिक्षाशास्त्र सङ्काय नेपाली विभागका श्रद्धेय गुरु तथा गुरुआमा प्रति पनि हृदयतः कृतज्ञता प्रकट गर्दछु ।

मेरो उच्च शिक्षामा सबैभन्दा बढी समय खर्चिन मेरा आदरणीय बाबा थलप्रसाद आचार्य र माता नर्वदा आचार्य प्रति कृतज्ञ छु । शोधपत्रका लागि चाहिने आवश्यक सामग्रीहरु जुटाउन सहयोग गर्ने मेरा पति प्रकाश सुवेदीप्रति कृतार्थ छु । त्यस्तै गरी शोधपत्र तयार पार्न आवश्यक सरसल्लाह दिने मेरा साथीहरु लक्ष्मी सुन्दास, अम्बिका भारती, दिपाकुमारी भारती, कमल भट्टराई, नवराज पौड्याल र कम्प्युटरमा टाइप गर्ने सी.आई.टी. सोमवारेप्रति पनि आभार प्रकट गर्दछु ।

अन्त्यमा प्रस्तुत शोधपत्रको उचित मूल्याङ्कनका लागि कनकाई बहुमुखी क्याम्पस शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग समक्ष पेश गर्दछु ।

झुमा आचार्य

# शोधसार

शोधशीर्षक : झापा जिल्लाका कक्षा दुईका शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन

शोधार्थी : झुमा आचार्य

शोध निर्देशक : प्रा. तेजप्रसाद खनाल

विभाग/क्याम्पस : नेपाली भाषा शिक्षा विभाग

कनकाई बहुमुखी क्याम्पस

शैक्षिक वर्ष : सन् २०१२

पृष्ठ सङ्ख्या : जम्मा ४५

अध्याय : चार

**शोधका उद्देश्य**

प्रस्तुत शोधपत्रका निम्न लिखित उद्देश्यहरु रहेका छन् :

क) झापा जिल्लाका कक्षा दुईमा अध्ययनरत शिक्षक-विद्यार्थी अन्तरक्रियाको एक अध्ययन पहिल्याउनु ।

ख) कक्षा दुईको शिक्षक-विद्यार्थी अन्तरक्रियामा प्रभाव पार्ने कारक तत्वहरु पहिल्याउनु ।

ग) विभिन्न सरकारी तथा निजी विद्यालयमा कक्षा दुई मा अध्ययनरत शिक्षक-विद्यार्थी अन्तरक्रियाको अध्ययनको विश्लेषण गर्नु ।

घ) उल्लेखित समस्या समाधानका लागि आवश्यक सुझावहरु प्रस्तुत गर्नु ।

**शोधको सीमा**

प्रस्तुत अध्ययन झापा जिल्लाका सरकारी र निजी गरी जम्मा ६ वटा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा केन्द्रित गरिएको छ । प्रस्तुत शोध स्थलगत भ्रमण विधिको प्रयोग गरी उक्त कक्षाकोठाको शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययनमा सीमित राखिएको छ । शोधमा ३ वटा गा.वि.स.अन्तरर्गतका विद्यालयबाट अनुसन्धान गरिएको छ, जसमा झापा जिल्लाका शनिश्चरे, पृथ्वीनगर र अनारमनी गा.वि.स.रहेका छन् । तोकिएको गा.वि.स. अन्तरर्गतका विद्यालयबाट कक्षा दुईका २०% विद्यार्थी नमुना छनौटका रुपमा लिइएको छ ।

**शोधको प्रक्रिया**

(क) प्रस्तुत अध्ययन मूलत : क्षेत्रिय अध्ययन विधिमा आधारित रहेको छ ।

(ख) यसले कुनै अध्ययन गरिने विषयमा नमूना छनौट सामग्री वा तथ्याङ्क सङकलन, तयारी, व्याख्या विश्लेषण तथा प्रस्तुतीकरण जस्ता कार्यलाई निर्देशित गर्दछ ।

**निष्कर्ष**

(क) अधिकांश समय शिक्षकको पहुँचमा रहेको पाइयो ।

(ख) अन्तरक्रिया सञ्चालन गर्न व्यवस्थित कक्षाकोठा र बसाइको अभाव पाइयो ।

(ग) शैक्षिक सामग्रीको न्यूनप्रयोग पाइयो ।

(घ) शिक्षकले पाठको एकोहोरो व्याख्या, प्रश्न गर्दा, अगाडी बस्नेलाई बढी प्राथमिकता, दलित तथा पिछडिएका विद्यार्थीलाई त्यति वास्ता नगरिएको पाइएकाले कमजोर बालबालिकालाई बढी प्राथमिकता दिनुपर्ने देखिन्छ ।

(ङ) कक्षा सञ्चालनका क्रममा विषयसँग सम्बन्धित उदाहरणहरु दिएर पाठलाई छर्लङ पार्नुपर्ने देखिएको ।

(च) दैनिक पाठयोजनाको न्यून प्रयोग पाइएको छ ।

(छ) शिक्षकलाई भाषा शिक्षण सञ्चालनका क्रममा अन्तरक्रियाका सम्बन्धमा पूर्ण जानकारी भएतापनि व्यवहारमा नउतारेको पाइएको छ ।

(ज) समग्रमा कक्षाकोठामा प्रत्यक्ष अवलोकन पद्धतिबाट गरिएको यो अध्ययनले के देखायो भने सामुदायिक र संस्थागत दुवै विद्यालयहरुको कक्षा २ मा परम्परागत रुपमा चल्दै आएको चक डस्टर र कालो पाटीमा केन्द्रित भई व्याख्यान विधिको प्रयोग गरेर पठन-पाठन सञ्चालन भएको पाइयो ।

# विषय सूची

## अध्याय एक

## शोध परिचय


१.१ शोध शीर्षक १

१.२ शोध प्रयोजन १

१.३ समस्या कथन १

१.४ शोधको उद्देश्य २

१.५ पूर्वकार्यको समीक्षा ३

१.६ अध्ययनको औचित्य ६

१.७ सीमाङ्कन ७

१.८ शोध विधि ७

  १.८.१ तथ्याङ्क संकलन ८

  १.८.२ नमूना छनौट ८

  १.८.३ सामग्री निर्माण ९

१.९ अध्ययनको रुपरेखा १०


## अध्याय दुई

## अन्तरक्रियाको सैद्धान्तिक परिचय


२.१ अन्तरक्रियाको परिचय र अवधारणा ११

२.२ कक्षाकोठामा अन्तरक्रिया १२

  २.२.१ शिक्षक विद्यार्थी बीचको अन्तरक्रिया १२

  २.२.२ विद्यार्थी विद्यार्थीबीच अन्तरक्रिया १३

  २.२.३ विद्यार्थी र शैक्षिक सामग्रीबीच अन्तरक्रिया १३

२.३ नेपाली भाषाशिक्षणमा अन्तरक्रियाको प्रयोजन १४

२.४ कक्षा २ को नेपाली भाषा शिक्षण सिकाइमा अन्तरक्रियाको प्रयोजन १५

२.५ अन्तरक्रियाका प्रकारहरु १६

२.६ अन्तरक्रियामा ध्यान दिनुपर्ने कुराहरु १८

२.७ अन्तरक्रियाका फाइदाहरु १८

२.८ अन्तरक्रियामा प्रभावकारीता ल्याउने तरिका १९

२.९ अन्तरक्रियाको सही प्रयोग २०

२.१० सारांश २०


## अध्याय तीन

## व्याख्या तथा विश्लेषण


३.१ कक्षा अवलोकनबाट प्राप्त तथ्यको विश्लेषण र व्याख्या २१

३.१.१ कक्षा प्रारम्भ २१

३.१.२ शैक्षिक सामग्रीको प्रयोग २२

३.१.३ शिक्षण विधि २२

३.१.४ शिक्षक विद्यार्थी सहभागिता २३

३.१.५ शिक्षक विद्यार्थी अन्तरक्रिया २३

३.१.६ पाठ्यवस्तु र कार्यकलापको तालमेल २४

३.२ कक्षाभित्र गरिएका क्रियाकलाप २५

३.२.१ कक्षा मनोरञ्जन २५

३.२.२ कक्षा समापन २६

३.३ प्रश्नावलीबाट प्राप्त तथ्यको विश्लेषण २६

३.४ कक्षा अवलोकन र प्रश्नावलीबाट प्राप्त तथ्यको तुलना २७

३.५ सारांश २८


## अध्याय चार

## समस्या समाधानका लागि सुझाव र निष्कर्ष


४.१ अध्ययनका निष्कर्षहरु २९

४.२ निष्कर्षबाट देखिएका समस्याहरु ३०

४.३ अध्ययनका सुझावहरु ३१
४.४ शैक्षिक प्रयोजन ३३
सर्न्दभ सूची
अनुसूचीहरु

# संक्षेपीकृत शब्दसूची

| संक्षिप्त रुप | पूर्ण रुप |
|---|---|
| क्र.स. | क्रम सङ्ख्या |
| चौ.स. | चौथो संस्करण |
| ते.स. | तेस्रो संस्करण |
| नेपा.शि. | नेपाली शिक्षा |
| नि.मा. | निम्न माध्यमिक |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.स. | विद्यार्थी सङ्ख्या |
| त्रि.वि. | त्रिभुवन विश्व विद्यालय |
| प्रा.डा. | प्राध्यापक डाक्टर |